# खेर गएका सार्वजनिक जग्गामा फलफूल खेती प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७५

(प्रदेश सरकार, मन्त्रीपरिषद, मिति २०७५/१०/०२ गतेको निर्णयबाट स्वीकृत)

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, विराटनगर, नेपाल

सचिव

# खेर गएका सार्वजनिक जग्गामा फलफूल खेती प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७५

(प्रदेश सरकारको मिति २०७५/१०/०२ को निर्णयबाट स्वीकृत)

पृष्ठभूमि

भौगोलिक तथा जलवायु विविधताले प्रदान गरेको बाली विविधिकरणको विशिष्ट अवसरले नेपालमा प्रायः जसो प्रमुख फलफूलहरुको खेती गर्न सकिन्छ ।कुल गार्हस्थ उत्पादनमा एकतिहाई भन्दा बढी योगदान कृषि क्षेत्रले पुऱ्याई राखेको परिप्रेक्ष्यमा कूल कृषि गार्हस्थ उत्पादनमा बागवानी उप क्षेत्रको योगदान करिब एक चौथाई रहेको छ जसमध्ये करिब आधा हिस्सा योगदान फलफूलजन्य उत्पादनबाट हुने गरेको देखिन्छ। फलफूलको बढ्दो मागलाई हालको उत्पादनले धान्न सकिरहेको छैन। यसले गर्दा आयात पनि वर्षेनी बढिरहेको छ । फलफूलको क्षेत्रफल विस्तार गरी व्यवसायिक उत्पादनको माध्यमबाट आयात प्रतिस्थापन गर्न सकिने प्रचुर सम्भावना देखिन्छ। यसै परिप्रेक्ष्यमा नेपाल सरकारले वि.सं. २०७५ साललाई फलफूल वर्ष र आर्थिक वर्ष २०७३/०७४ देखि २०८२/०८३ सम्म फलफूल दशक मनाउने लक्ष्य लिएको छ। उक्त लक्ष्यलाई सफल बनाउन खेर गएका सार्वजनिक जग्गामा समेत फलफुल खेती विस्तार गरी पर्यावरणीय सुधार एवं उत्पादन अभिवृद्धि मार्फत आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने कार्यमा कृषकहरुलाई सहयोग गर्न आवश्यक देखी प्रदेश सरकारको नीति तथा कार्यक्रममा अन्तरनिहित भावना अनुरुप वार्षिक कार्यक्रममा खेर गएका सार्वजनिक जग्गामा फलफुल खेती प्रवर्द्धन कार्यक्रम स्वीकृत रहेको छ । उक्त कार्यक्रम कार्यान्वयनका लागि प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ३(१) को अधिकार प्रयोग गरि प्रदेश सरकारले "खेर गएका सार्वजनिक जग्गामा फलफुल खेती प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७५" तर्जुमा गरी लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम " खेर गएका सार्वजनिक जग्गामा फलफूल खेती प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) " खेर गएका सार्वजनिक जग्गा" भन्नाले सरकारी वा सार्वजनिक निकाय, स्थानीय मठ, मन्दिर, धार्मिक संस्था, विद्यालय, कलेज गुठी तथा सामुदायिक संघ, संस्थाको स्वामित्वमा

रहेको जग्गा जहाँ खेती गर्ने कार्य नभएको साथै अन्य कुनै प्रयोजनको लागि उपयोग नगरिएको जग्गा सम्झनु पर्दछ।

(२) "सार्वजनिक निकाय" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२) को खण्ड (ख) बमोजिम निकाय बुझिनेछ।

(३) "प्रदेश सरकार" भन्नाले प्रदेश नं.१ सरकार सम्झनु पर्दछ ।

(४) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

(५) " निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय सम्झनु पर्दछ ।

(६) "समूह" भन्नाले नेपाल सरकारका जिल्ला स्थित निकाय तथा स्थानिय तहमा विधिवतरुपमा दर्ता भएको कृषक समुह सम्झनु पर्दछ ।

(७) " सहकारी संस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि सहकारी संस्था सम्झनु पर्दछ ।

(८) " फर्म, कम्पनी वा संस्था" भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका फर्म, कम्पनी वा संस्था सम्झनु पर्दछ ।

(९) "उपभोक्ता समिति" भन्नाले प्रचलित कानून बमोजिम सार्वजनिक खाली जग्गाहरुमा फलफूलका विरुवा रोपण तथा संरक्षण गरी पर्यावरणीय सुधार तथा उत्पादनशील बनाउने उदेश्यले गठित उपभोक्ता समिति सम्झनु पदर्छ ।

(१०)"समिति" भन्नाले यसै कार्यविधिको दफा (७) बमोजिम गठित कार्यक्रम कार्यान्वयन समिति सम्झनु पर्दछ ।

(११)" फलफूल " भन्नाले उष्ण प्रदेशीय फलफूल (आँप, लिची, केरा, मेवा आदि), उपोष्ण प्रदेशीय फलफूल (सुन्तलाजात फलफूल जस्तै सुन्तला, कागति, जुनार आदि), समशितोष्ण प्रदेशीय फलफूल (अनार, लप्सी, किवि, हलुवावेद आदि) शितोष्ण प्रदेशीय फलफूल (स्याउ, ओखर, खुर्पानी आदि)लाई यस कार्यविधिले समेटेको छ ।

## ३. कार्यक्रमको उद्देश्य:

यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(१) सार्वजनिक खाली जग्गाहरुमा फलफूलका विरुवा रोपण तथा संरक्षण गरी पर्यावरणीय सुधार तथा उत्पादनशील बनाउने र

(२) व्यवसायिक फलफूल खेतीको विस्तारलाई प्रवर्द्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने ।

प्रमुख सचिव

सचिव

परिच्छेद २

कार्यक्रम संचालन

४. कार्यक्रम संचालन प्रक्रिया:

(१) यस कार्यक्रम अन्तर्गत प्रदेश, स्थानीय तहमा रहेको खेर गएका सार्वजनिक जग्गामा व्यवसायिक फलफूल खेती विस्तार गरिनेछ ।

(२) कार्यक्रम स्थानीय तह/ सरकारी वा सार्वजनिक निकाय, स्थानीय मठ, मन्दिर, स्कुल, कलेज गुठी तथा सामुदायिक संघ, संस्थाको साझेदारीमा संचालन गरिनेछ ।

(३) कार्यक्रम संचालनको प्रमुख जिम्मेवारी कृषि ज्ञान केन्द्रको रहनेछ ।

(४) यो कार्यक्रम संचालन पूर्व स्थान छनोटका लागि जिल्ला समन्वय समितिको समन्वयमा स्थानीय तहका पदाधिकारी, सरोकारवाला निकायको सहभागितामा एक अन्तरिक्रया कार्यक्रम आयोजना गर्नु पर्नेछ । सो अन्तरक्रियाको आधारमा कार्यविधिको दफा ७ बमोजिमको समितिले कार्यक्रम लागू हुने स्थानिय तह तथा वालीहरु निर्धारण गर्ने छ ।

(५) कार्यक्रम संचालनका लागि न्यूनतम जमिन उच्च पहाडमा २ रोपनी पहाडमा ३ रोपनी तथा तराईमा ५ कट्ठा हुनु पर्नेछ । एकै ब्लक, सीमा जोडिएको जग्गा तथा अधिकतम क्षेत्रफलमा फलफूल विरुवा रोपण हुने प्रस्तावलाई प्राथमिकता दिइनेछ ।

(६) प्राविधिक ज्ञान, अनुभव तथा दक्षता भएका प्रस्तावकहरुलाई कार्यक्रममा प्राथमिकता दिइनेछ ।

(७) कार्यक्रममा तपसिल बमोजिमका फलफूल वालीहरुलाई समावेश गरिनेछ साथै स्थान विशेष र माग अनुसार अन्य फलफूलहरु कार्यविधिको दफा ६ बमोजिमको समितिको सहमतिमा थप गर्न सकिने छ।

| क्र.सं. | जिल्ला | वाली |
|---|---|---|
| १ | ताप्लेजुङ, पाँचथर, इलाम, ओखलढुङ्गा खोटाङ्ग, भोजपुर, संखुवासभा, तेह्रथुम धनकुटा, सोलुखुम्बु,उदयपुर | सुन्तला, कागती, किवि, लिची, एभोकाडो, स्याउ |
| २ | झापा, मोरङ्ग सुनसरी, उदयपुर | आँप, लिची, केरा, मेवा, कागती, सुपारी, भूईकटहर |

प्रमुख सचिव

## ५. सूचना प्रकाशन तथा प्रस्ताव संकलन

(१) कृषि ज्ञान केन्द्रले दफा (६) बमोजिम कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति गठन गरी कार्यक्रम संचालनका लागि अनुसूची १ बमोजिमको प्रस्ताव आव्हानको सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशन भएपछि ईच्छुक फर्म, कम्पनी, संस्था तथा समूह वा सहकारी तथा उपभोक्ता समितिहरुले उक्त सूचनामा तोकिएको समय भित्रमा अनुसूची २ अनुसारको आवेदन तथा संलग्न कागजातहरु तथा अनुसूची ३ बमोजिमको प्रस्ताव संलग्न राखि तोकिएको समय सिमाभित्र कृषि ज्ञान केन्द्रमा आवेदन प्रस्ताव दर्ता गर्नुपर्नेछ ।

**६. कार्यक्रम कार्यान्वयन तथा समन्वय समितिः** कार्यक्रमको प्रभावकारी संचालन तथा समन्वयका लागि तपसिल बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| (१) प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| (२) प्रमुख, कृषि ज्ञान केन्द्र | सदस्य |
| (३) जिल्लामा अवस्थित कृषि तथा पशुपंक्षी विकास मन्त्रालयसँग सम्बन्धित कार्यक्रम/आयोजना/कार्यालयका प्रमुख | सदस्य |
| (४) प्रमुख, डिभिजन वन कार्यलय | सदस्य |
| (५) वागवानी विकास अधिकृत/कार्यक्रम हेर्ने जिम्मेवार | |
| (६) प्राविधिक कर्मचारी, कृषि ज्ञान केन्द्र, | सदस्य सचिव |

समितिले आवश्कता अनुसार अधिकतम २ जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**७. कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार :**

कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) दफा ६ बमोजिम गठित कार्यक्रम कार्यान्वयन तथा समन्वय समितिले कार्यक्रम सञ्चालन सम्बन्धी प्रारम्भिक छलफल गरि दफा ४ को उपदफा (७) बमोजिम कार्य गर्ने ।

(२) अनुसुचि १ बमोजिम सूचना आह्वान गर्ने ।

(३) समितिले दफा ९ बमोजिम कार्य सम्पन्न गर्नका लागि कृषि ज्ञान केन्द्र प्रमुखको संयोजकत्वमा प्रस्ताव मुल्याङ्कन प्राविधिक उपसमिति गठन गर्ने ।

प्रमुख सचिव

सचिव

८. प्रस्ताव मुल्याङ्कन, छनौट र सम्झौताः

(१) प्रचलित कानून बमोजिम रितपुर्वक दर्ता भएका प्रस्तावहरु दफा (७) उपदफा (३) बमोजिमको प्रस्ताव मुल्याङ्कन प्राविधिक उपसमिति मार्फत मुल्याङ्कन प्रकृया अगाडि बढाइने छ ।

(२) उपदफा (१) बमोजिम प्रस्तावको प्रारम्भिक मुल्याङ्कन गर्दा अनुसूची २ अनुसारको आवेदन तथा संलग्न कागजातहरु भएका प्रस्तावहरु मात्र स्थलगत निरिक्षण र थप मुल्याङ्कनका लागि योग्य हुनेछन् ।

(३) समितिले आवश्यकता अनुसार अनुसूची ४ मा तोकिएको मुल्याङ्कन शिर्षक र अङ्कभार भित्र रहि थप मुल्याङ्कनका उपशिर्षक निर्धारण गर्न सक्नेछ ।

(४) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुठो ठहरिएमा प्राविधिक रुपले अनुपयुक्त देखिएमा वा अनावश्यक न्यूनतम योग्यता नपुगेको प्रमाणीत भएमा सो प्रस्ताव अयोग्य ठहर गरी बाँकी प्रस्तावहरुको मुल्याङ्कन प्रकृया अगाडि बढाइनेछ ।

(५) स्वीकृत कार्यक्रम तथा बजेटको परिधिभित्र रहि अनुसूचि ४ बमोजिम मुल्याङ्कनमा सबै भन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्ताव कार्यक्रम संचालनका लागि छनौट गरिनेछ ।

९. संचालन हुने क्रियाकलाप तथा सहजीकरण सेवा

(१) खेर गएका सार्वजनिक जग्गामा फलफूल खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका क्रियाकलापमा देहाय बमोजिमका सहजीकरण सेवा उपलब्ध हुनेछ ।

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १ | फलफूल बगैंचा क्षेत्र विस्तार | श्रोत केन्द्रबाट विरुवा खरिद तथा वितरण | ▪ श्रोत विरुवा खरिदमा ७५ % अनुदान<br>▪ श्रोत केन्द्रबाट रोपण स्थलसम्म शत प्रतिशत ढुवानी अनुदान | नेपाल सरकारले तोकेको श्रोत केन्द्रबाट कृपि ज्ञान केन्द्रको समन्वयमा विरुवा व्यवस्थापन गर्नु पर्ने। सो नभएमा स्थानीय दररेट तथा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम । |
| २ | विरुवा संरक्षण | स्थानीय सामाग्री | स्वीकृत लागतको ७५ % | |

सचिव प्रमुख

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| | तथा हेरचाह | तथा कम लागत प्रविधिमा आधारित जैविक बार बन्देज/बेरा | अनुदान | |
| ३ | कृषि औजार उपकरण खरिद तथा वितरण | खाडल खन्ने मेशिन, पावर/मिनि टिलर, घाँस काट्ने र गोड्ने मेशिन, | प्रचलित बजार मुल्यमा ७५ % अनुदान वा बढीमा १ लाख सम्म | क्रियाकलाप २ सम्पन्न भई एकै ब्लकमा न्यूनतम उच्च पहाडमा ५ रोपनी, पहाडमा १० रोपनी तथा तराईमा २ बिगाह जमिनमा फलफूल विरुवा रोपण गर्ने भएमा मात्र खाडल खन्ने मेशिन समितिले उपयुक्त ठहर गरेमा क्रियाकलाप १ सँगै उपलब्ध गराउन सकिने छ। |
| ४ | सिंचाई | पोखरी (प्लाष्टिक तथा सिमेन्ट), पाईप, कुलो निर्माण, स्यालो ट्यूववेल, नविनतम प्रविधिमा आधारित सिंचाई (थोपा सिंचाई, सौर्य सिंचाई) | प्रचलित बजार मुल्यमा ७५ % अनुदान वा बढीमा ३ लाख सम्म (प्रति ब्लक १ आयोजनाको दरले) | क्रियाकलाप २ सम्पन्न भई एकै ब्लकमा न्यूनतम उच्च पहाडमा ५ रोपनी, पहाडमा १० रोपनी तथा तराईमा २ बिगाह जमिनमा फलफूल विरुवा रोपण गर्ने भएमा मात्र उपलब्ध हुनेछ। तर उच्च पहाडमा २ रोपनी पहाडमा ३ रोपनी र तराईमा ५ कट्ठा जग्गामा फलफूल खेति गर्नेलाई |

सचिव प्रमुख सचिव

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| | | | | प्लास्टिक पोखरीको लागि आवश्यक रकम समावेश गर्न सकिने छ । |
| ५ | फलोअप कार्यक्रम | वाली संरक्षण मलखाद तथा अन्य आवश्यक कार्यहरु | हुर्काइएको विरुवा संख्याको आधारमा प्रति हेक्टर बढीमा रु.१५००० का दरले फलोअप कार्यक्रम उपलब्ध हुने | दोस्रो र तेस्रो वर्षबाट लागू हुनेछ । |

## परिच्छेद ३
## सम्झौता र अनुदान प्रवाह प्रक्रिया

१०. लागत इष्टिमेट र सम्झौता :

(१) प्रस्ताव छनौट पश्चात अनुदाग्राहीले प्रस्ताव बमोजिम सार्वजनिक जग्गामा फलफूल खेती प्रवर्द्धन कार्यक्रमका लागि सम्बन्धित विषयको प्राविधिक मार्फत स्थलगत सर्भेक्षण गराएर लागत ईष्टिमेट तयार गरी स्वीकृतिको लागि कृषि ज्ञान केन्द्रमा पेश गर्नु पर्नेछ।

(२) स्वीकृत ईष्टिमेटको आधारमा ज्ञान केन्द्र र अनुदानग्राही बीच अनुसूची ५ बमोजिमको सम्झौता गरिनेछ।

(३) अनुदानग्राहीले सार्वजनिक जग्गामा फलफूल खेती प्रवर्द्धन कार्यक्रम स्थलमा लागत सहभागिता रकम खुलेको होर्डङ्ग वोर्ड सर्वसाधरणले देख्ने गरी कार्यक्रम स्थलमा राख्नु पर्नेछ ।

(४) लागत इष्टिमेट तयार गर्दा कुल अनुदान रकमको ५% रकम कन्टीजेन्सी स्वरुप राखिनेछ। उक्त रकम प्राविधिकको दैनिक भ्रमण भत्ता र समितिको वैठक भत्ता र अन्य व्यवस्थापकिय कार्यमा प्रयोग गर्न सकिनेछ।

११. खर्च सम्बन्धी व्यवस्था :

(१) कार्यक्रम संचालनको लागि उपलब्ध गराईने अनुदान रकम तथा खर्च यस कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

(२) अनुदानग्राहीलाई कार्य सम्पन्न पश्चात अनुगमनका आधारमा सम्झौता बमोजिम अनुदान रकम उपलब्ध गराईनेछ ।

## परिच्छेद ३
## अनुगमन तथा विविध

१२. **अनुगमन र मुल्याङ्कन** : मन्त्रालय, निर्देशनालय, कृषि ज्ञान केन्द्रवाट नियमित अनुगमन हुनेछ ।

१३. **प्रगति प्रतिवेदन पठाउनु पर्ने** : अनुदानग्राहीले कार्यक्रमको प्रगती प्रतिवेदनमासिक रुपमा कृषि ज्ञान केन्द्रमा पेश गर्नु पर्नेछ ।

१४. **आर्थिक प्रशासन सेवा**: कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र संघिय सरकारका प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **प्रचलित कानून लागु हुनेः** कार्यक्रम कार्यान्वयनको सम्वन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१६. बाधा अड्काउ फुकाउने (खारेजी एवं संशोधन)

(१) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।

प्रमुख सचिव

सचिव

अनुसूची १

(दफा ५ को उपदफा (१) संग सम्बन्धित)

खेर गएका सार्वजनिक जग्गामा फलफूल खेती प्रवर्द्धन कार्यक्रमको अनुदान सम्बन्धी प्रस्ताव आव्हानको

सूचना ! सूचना !! सूचना !!!

आर्थिक वर्ष ......................... को कृषि ज्ञान केन्द्र,..................को वार्षिक स्वीकृत कार्यक्रम अनुसार खेर गएका सार्वजनिक जग्गामा फलफूल खेती प्रवर्द्धन कार्यक्रम रहेको हुँदा ईच्छुक उपभोक्ता तथा संरक्षण समिति, फर्म/कम्पनी//संस्था तथा समूह/सहकारीवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र अनुसूची २ बमोजिमको आवेदन तथा कागजातहरु संलग्न राखी कृषि ज्ञान केन्द्र,................मा बुझाउनु हुन अनुरोध छ । यस सम्बन्धमा थप जानकारीको लागि कृषि ज्ञान केन्द्रमा सम्पर्क गर्न सक्नु हुनेछ ।

सचिव

प्रमुख सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १ विराटनगर, नेपाल

अनुसूची २

(दफा ५ को उपदफा (२) संग सम्बन्धित)

आवेदन फाराम तथा संलग्न गर्नुपर्ने कागजातहरु

रु. १० को टिकट

श्री प्रमुखज्यू
कृषि ज्ञान केन्द्र,
.................... ।

मेरो संरक्षण तथा उपभोक्ता समिति/फर्म/कम्पनी/संस्था तथा समूह/सहकारीवाट ........................................ गा.पा./न.पा. ........................ जिल्ला अन्तर्गत ..................................... स्थानमा ......................................... जातको फलफूल बगैंचाको स्थापना गर्ने लक्ष्य रहेकोले सो का लागि अनुसूची ३ बमोजिमको लागत अनुमान रु. .......................................... मध्ये रु. ......................................... मेरै/हाम्रै संस्थावाट व्यहोरी बाँकी रु. ................................................ अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु राखी निवेदन पेश गरको छु/गरेका छौं ।

संलग्न कागजातहरुः

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
२. अनुसूची ३ अनुसारको प्रस्ताव ।
३. आवेदक समूह भएमा दर्ता प्रमाण पत्र (नविकरण सहित), स्थायी लेखा नं. (PAN No.) र फर्म, कम्पनी, संस्था वा सहकारी भए कानुन बमोजिम दर्ता भएको दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. र कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।
४. कार्यक्रम संचालनका लागि खेर गएको सरकारी वा सार्वजनिक निकायको स्वामित्वमा रहेको जग्गाको जग्गा धनी (अधिकार प्राप्त व्यक्ति) नै प्रस्तावक भएमा सो निकायले संरक्षण तथा उपभोक्ता समिति गठन गरेको निर्णय तथा कम्तिमा १० वर्षसम्म फलफूल बाली संरक्षण गर्ने लिखित प्रतिवद्धता ।
५. कार्यक्रम संचालनका लागि खेर गएको सरकारी वा सार्वजनिक निकायको स्वामित्वमा रहेको जग्गाको जग्गा धनी (अधिकार प्राप्त व्यक्ति) र प्रस्तावक फरक भएमा जग्गाको जग्गा धनी (अधिकार प्राप्त व्यक्ति) र प्रस्तावक फर्म/ कम्पनी/ संस्था/समूह/ सहकारी वीच अधिकार प्राप्त कानुन व्यवसायीले तयार गरेको कम्तिमा १० वर्ष कार्य अवधि रहेको करारनामाको प्रतिलिपी। छोटो अवधिको बाली जस्तै केरा, मेवा, भुइकटहर जस्ता वालीहरुमा भई समितिले प्रस्ताव जायज ठहर गरेमा कम्तिमा ५ वर्ष कार्य अवधि रहेको करारनामाको समेत मान्य हुनेछ ।
६. प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपि ।

निवेदक

दस्तखतः
पदः
संस्था/फर्म/कम्पनीः
संस्थाको छापः

नाम थरः
ठेगानाः

हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको दस्तखतः

प्रमुख सचिव

अनुसूची ३

(दफा ५ को उपदफा (२) संग सम्बन्धित)

## प्रस्तावको ढाँचा

१. फर्म/कम्पनी/संस्था तथा समूह/सहकारीको नाम:

२. ठेगाना:

३. कार्यक्रम संचालन हुने क्षेत्रफल :

४. विस्तार हुन सक्ने क्षेत्रफल :

५. कार्यक्रमको पृष्ठभूमि: (संस्था एवं स्थान, परिचय र अवस्था, सम्भावना)

६. कार्यक्रमको उद्देश्य : (बढीमा ५ बुँदामा)

७. कार्य योजना : क्रियाकलाप (के, कति, कहिले, कसरी, कसले) ; कार्यविधिको दफा ९ बमोजिमको संचालन हुने क्रियाकलाप तथा सहजीकरण सेवामा आधारित हुनुपर्ने ।

८. अपेक्षित प्रतिफल : (गणना गर्न सकिने मात्र)

९. लागत बजेट : (टेबल बनाउन सकिने) (अन्तमा जम्मा, ,)

| क.स. | क्रियाकलापको नाम | जम्मा लागत | संस्थाले व्यहोर्ने | माग गरिएको अनुदान | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्रोत विरुवा खरिद तथा वितरण | | | | |
| २. | विरुवा संरक्षण तथा हेरचाह | | | | |
| | | | | | |
| ३. | कृषि औजार उपकरण खरिद तथा वितरण | | | | |
| | | | | | |
| ४. | सिचाई व्वस्थापन | | | | |

१०. विरुवाको श्रोतको प्रमाण

११. फलफूल वगैचाको संरक्षण तथा दिगोपनाको योजना : (संरक्षण योजना, मरेको विरुवाको स्थानमा नयाँ विरुवा रोप्ने र अन्य व्यवस्थापन कार्य कम्तिमा ५ (पाँच) वर्षे कार्ययोजना )

१२. नयाँ सोच केही भए उल्लेख गर्नुहोस् : .......................................................................

प्रस्तावक संस्थाको नाम : ठेगाना :

दस्तखत : (अधिकार प्राप्त व्यक्ति)

मिति :

संस्थाको छाप :

नोट : प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा छुट्टै सिटमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

अनुसूची ४

(दफा ८ को उपदफा (३) संग सम्बन्धित)

## प्रस्तावको मूल्याङ्कन मापदण्ड

| क्र. सं. | मूल्याङ्कनका आधार | मूल्याङ्कन | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| पूर्व छनौटका आधार | | | | | |
| १ | क्षेत्र विस्तारको प्रस्ताव | २ हे. भन्दा कम | २ हे. देखि ४ हे. भन्दा कम | ४ हे. वा सो भन्दा बढी | |
| | अङ्क भार | ८ | १४ | २० | |
| २ | फलफुल खेती विषयमा प्राविधिक ज्ञान सीप, अनुभव | सामान्य तालिम प्राप्त गरेको | न्यूनतम २ वर्षको अनुभव | २ वर्षभन्दा बढि अनुभव | |
| | अङ्क भार | ८ | १४ | २० | |
| ३ | बिरुवाको श्रोत तथा उपलब्धता | मान्यता प्राप्त नभएका र स्थानीयस्तरमा उत्पादित | मान्यता प्राप्त नभएका तर निजीस्तरमा स्थापित नर्सरी | सरकारी फार्म वा मान्यता प्राप्त श्रोत केन्द्र | |
| | अङ्क भार | ८ | १४ | २० | |
| ४ | फलफूल बगैचाको संरक्षण तथा दिगोपना | पेश नगरेको भए | मध्यम स्तरको योजना पेश गरेको | उत्तम स्तरको योजना पेश गरेको | |
| | अङ्क भार | ८ | १४ | २० | |
| | पूर्व छनौटको जम्मा | ३२ | ५६ | ८० | |
| | | स्थलगत प्रमाणिकरणका आधार | | | |
| ५ | भौगोलिक र वातावरणीय उपयुक्तता | सन्तोषजनक | मध्यम | उत्तम | |
| | अङ्क भार | ८ | १४ | २० | |
| | पूर्व छनौट तथा स्थलगत प्रमाणिकरणको जम्मा | ४० | ७० | १०० | |

*यसमा प्रस्तुत आधारहरुलाई मुल्याङ्कन प्रयोजनका लागि समितिले Sub Criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सकिने छ ।

** पूर्व छनौटका आधारहरुमा ६० अंङ्क ल्याउने प्रस्तावहरुलाई मात्र स्थलगत प्रमाणिकरणमा लगिनेछ।

*** प्रस्ताव मूल्याङ्कन प्राविधिक उपसमितिले स्थलगत प्रमाणिकरणका आधारहरुलाई वाली अनुसार Sub Criteria बनाउने तथा सो अनुसार अङ्कभार प्रदान गर्न सक्ने छ ।

सचिव

प्रमुख सचिव

अनुसूची ५

(दफा १० को उपदफा (२) सँग सम्बन्धित )

## सम्झौता पत्र

आ.व. ........................... वार्षिक स्वीकृत कार्यक्रम प्रस्तावको आधारमा फलफूल खेतीप्रवर्द्धन कार्यक्रम संचालन प्रयोजनार्थ "खेर गएका सार्वजनिक जग्गामा फलफूल खेती प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७५" अनुसार मिति २०७ / / मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार यस कार्यालयको २०७ / / को निर्णयले जम्मा लागत रु. ..................... (अक्षरेपी ....................................... मात्र ) मध्ये कार्यालयवाट अनुदान रु. ........................... (अक्षरेपी ....................................... मात्र ) हुनेगरी तपशिल अनुसारको क्षेत्रफल विस्तार कार्यक्रम संचालन गर्न निम्नानुसारका शर्तहरुमा मन्जुर गरी यो सम्झौता गरिएको छ ।

| क्र.सं. | क्रियाकलाप | जम्मा लागत | कार्यालयवाट व्यहोर्ने | संस्थाले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | जम्मा | | | |

(१) यो सम्झौता पत्र कृषि ज्ञान केन्द्र (प्रथम पक्ष) र सम्बन्धित ................................. (दोश्रो पक्ष) वीच फलफूल खेती प्रवर्द्धन कार्यक्रम संचालन गर्ने कार्यको लागि प्रयोग हुनेछ ।

(२) यो सम्झौता दुवै पक्षवाट हस्ताक्षर भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(३) दोश्रो पक्षले सम्झौतामा उल्लेख भए वमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ (पन्ध्र) दिन भित्र शुरु गर्नु पर्नेछ ।

(४) प्रथम पक्षले दोश्रो पक्षलाई अनुदानग्राहीलाई कार्य सम्पन्न पश्चात अनुगमनका आधारमा सम्झौता बमोजिम अनुदान रकम उपलब्ध गराईनेछ ।

(५) प्रथम किस्ता भुक्तानीको लागी दोश्रो पक्षले कम्तिमा ५० (पचास) प्रतिशत कार्य गरेको हुनु पर्नेछ । सम्झौता वमोजिमको कार्य पुरा भएपछि अन्तिम वा दोश्रो किस्ता रकम प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) प्रथम पक्षले दोश्रो किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको मुल्याङ्कन तथा स्थलगत अनुगमन समितिको सिफारिसको आधारमा भुक्तानी गरिनेछ । दोश्रो पक्षले प्रथम कार्य गर्दा प्राविधिकको निर्देशानुसार कार्य गर्नु पर्नेछ ।

(७) अन्तिम वा दोश्रो किस्ता भुक्तानी गर्ने सम्बन्धमा प्राविधिकवाट मूल्याङ्कन गराई वील सहितको कार्य सम्पन्न प्रतिवेदन (फोटो समेत) तयार गरी दोश्रो पक्षले प्रथम पक्षसंग अनुरोध गर्नु पर्नेछ । प्रथम पक्षले रितपूर्वकको प्रतिवेदन तथा बीलहरु प्राप्त भए पछि भुक्तानीको आवश्यक व्यवस्था मिलाउने छ ।

(८) दोश्रो पक्षले कार्य सम्पन्न प्रतिवेदनका साथ नगरपालिका/ गाउँपालिकावाट कार्य सम्पन्न भएको सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

(९) दोश्रो पक्षले कार्यक्रमको प्रगति विवरण मासिक रुपमा कृषि ज्ञान केन्द्र मा उपलब्ध गराउनु पर्नेछ ।

प्रथम पक्षको तर्फवाट
नाम : ....................................
पद: ......................................

दस्तखत:..................................
मिति:...................................
कार्यालयको नाम र छापः

दोस्रो पक्षको तर्फवाट
नाम : ....................................
पद: ......................................

दस्तखत:..................................
मिति:...................................
कार्यालयको नाम र छापः

साक्षी
नाम : ....................................
पद: ......................................

दस्तखत: ................................
मिति:..................................
ठेगाना: